# बेनी नगरपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

बेनी नगरपालिकाका भित्री बजार क्षेत्र तथा नगरका अन्य विभिन्न स्थानहरुमा आवत जावत गर्न ठुला सवारी साधन नियमित एवं पर्याप्त नरहेका ट्याक्सी लगायतका साना सवारी साधनहरु प्रयोग गर्दा अति महंगो पर्न गई सर्वसाधारणले सास्ती खेपिरहनुपरेको अवस्थालाई अन्त्य गर्न स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११(७) ले दिएको अधिकार प्रयोग गरी बेनी नगर कार्यपालिकाले मिति २०७९/०४/२९ गते यो कार्यविधि वनाएको छ ।

## परिच्छेद १
## परिभाषा

१) यो कार्यविधिको नाम "**बेनी नगरपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९**" हुनेछ ।

२) यो कार्यविधि कार्यपालिकाको वैठकवाट पारित भएको मितिदेखि लागु हुनेछ ।

३) <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**क. "शहरी सडक"** भन्नाले यस नगरपालिकावाट वनाईएको, विस्तार गरिएको तथा नगरपालिकालाई मर्मत सम्भार गर्न हस्तान्तरण भै आएका सडक सम्झनु पर्दछ ।

**ख. "सवारी साधन"** भन्नाले प्रचलित ऐन, नियम बमोजिम नगरपालिकाले व्यवस्थापन गर्न अधिकार प्राप्त गरेका रिक्सा, अटो रिक्सा, ई रिक्सा, टेम्पो आदी सम्झनु पर्दछ ।

**ग. "कार्यविधि"** भन्नाले बेनी नगरपालिकाको "टेम्पो अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७९" सम्झनु पर्दछ ।

**घ. "रुट अनुमती तथा भाडादर निर्धारण समिति"** भन्नाले कार्यविधिको नियम ७ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

**ङ. "सवारी धनी"** भन्नाले प्रचलित कानून बमोजिम सवारी धनी अनुमती पत्र प्राप्त व्यक्ति तथा संस्था सम्झनु पर्नेछ ।

**च. "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

**छ. "रुट ईजाजत पत्र"** भन्नाले बेनी नगरपालिकाबाट जारी सवारी दर्ता प्रमाणपत्रमा उल्लेखित रुट ईजाजतपत्र सम्झनु पर्दछ ।

**ज. "भाडादर"** भन्नाले नगरकार्यपालिकाले तोकेको भाडादर सम्झनु पर्दछ ।

**झ. "नगरपालिका"** भन्नाले बेनी नगरपालिकाको कार्यालयलाई जनाउनेछ ।

**ञ. "नगर कार्यपालिका"** बेनी नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्नेछ ।

# परिच्छेद २
## दर्ता सम्बन्धी व्यवस्था

३. **<u>दर्ता गर्नु पर्ने :</u>** (१) टेम्पो, अटोरिक्सा, इरिक्सा बेनी नगर क्षेत्रभित्र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले दर्ताका लागि देहाय बमोजिमका कागजात संलग्न राखी अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिन सक्नेछ ।

१. सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. सवारी खरिद गरेको मिति र सम्भव भएसम्म खरिद गरेको बिल बिजक
३. सवारीको चेसिस नम्बर
४. सवारी चालकको तोकिए बमोजिमको निकायबाट प्राप्त गरेको आधिकारीक सवारी चालक अनुमतीपत्रको प्रतिलिपी
५. तेस्रो पक्ष बिमा, यात्रु विमा गरेको प्रमाण

(२) दफा (१) बमोजिमका कागजात सहित नगरपालिकामा निवेदन गरेको १५(पन्ध्र) दिनभित्र नगरपालिकाले आवश्यक जाँचबुझ एवं छानबिन गरी नगर कार्यपालिकाबाट निर्णय गराई सवारी दर्ता गर्न सक्नेछ । यसरी सवारी दर्ता भएपछि उक्त सवारीको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नं. उपलब्ध गराउन सक्नेछ ।

(३) नगरपालिकाबाट दर्ता गरेपछि नियमानुसार दर्ताको प्रमाणपत्रका अतिरिक्त सवारी चल्ने रुट समेत निर्धारण गर्नुपर्नेछ । दर्ता भएका टेम्पो, अटोरिक्सा, ई-रिक्साको अनुसूची २ बमोजिमको निवेदन दिई वार्षिक नवीकरण गर्नुपर्ने छ ।

(४) दर्ता तथा नवीकरण शुल्क नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

तर शुरु वर्षमा नगरसभाले दर्ता र नवीकरण शुल्क निर्धारण नगरेको भएमा नगरसभाबाट अनुमोदन गराउने गरी नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) रुट इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) नगरक्षेत्रभित्र सञ्चालन हुने यस प्रकारका सवारी साधनहरुले नगर सभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

४) **<u>सञ्चालन अनुमती लिनुपर्ने :</u>** (१) बेनी नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने टेम्पो, अटोरिक्सा तथा इरिक्शा वा सोही प्रकृतिका अन्य साना सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायबाट दर्ता गरी बेनी नगरपालिकाबाट सञ्चालन अनुमती लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन अनुमती नलिई नगरक्षेत्रभित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

**५) <u>दर्ता वा अनुमती विना सञ्चालन गर्न नपाईने :</u>** (१) यस नगरपालिका क्षेत्रमा यो कार्यविधि बमोजिम दर्ता नगरी वा अनुमतीपत्र नलिई कुनै पनि टेम्पो, रिक्सा, अटोरिक्सा, वा ई-रिक्सा संचालन गर्न पाईने छैन ।

(२) निवेदन प्राप्त भए पश्चात आवश्यक कारवाहीको लागि पूर्वाधार तथा शहरी विकास शाखा अन्तर्गत मेकानिकल उप शाखामा जाँचबुझको लागि पठाईनेछ ।

तर मेकानिकल उपशाखा गठन नहुँदा सम्म प्रशासन शाखाले उल्लेखित कार्य गर्नेछ ।

# परिच्छेद ३
## रुट तथा इजाजत सम्बन्धी व्यवस्था

६) **<u>रुट निर्धारण :</u>** (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण दफा (७) बमोजिमको रुट इजाजत तथा भाडादर निर्धारण समितिको सिफारिशमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) कुनै सवारी साधनलाई दिइएको रुट इजाजत रद्द गर्ने वा परिवर्तन गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

७) **<u>रुट इजाजत तथा भाडादर निर्धारण समिति :</u>** (१) रुट ईजाजत तथा भाडादर निर्धारण सम्बन्धी सिफारिश गर्न देहाय बमोजिम समिति हुनेछ ।

| | |
|---|---|
| १. नगरप्रमुख | संयोजक |
| २. नगर उप प्रमुख | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| ५. वडा नं १, ४, ७, ८ र ९ का वडाध्यक्षहरु | सदस्य |
| ६. नगर कार्यपालिका सदस्य मध्ये नगर प्रमुखवाट मनोनित कम्तीमा १ महिला | सदस्य |
| ७. यातायात व्यवसायी सङ्घको तर्फबाट प्रतिनिधी जना १ | सदस्य |
| ८. स्थानीय ट्राफिक प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| ९. उपभोक्ता मध्येवाट नगर कार्यपालिकाले तोकेको प्रतिनिधी जना १ | सदस्य |
| १०. प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

(२) समितिले वैठकमा सरोकार राख्ने स्थानीय सङ्घीय तथा प्रादेशिक कार्यालयका प्रतिनिधीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८) **<u>रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार :</u>** (१) रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

१. टेम्पो, अटोरिक्सा, ईरिक्सा जस्ता सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी गर्न नगर कार्यपालिकालाई सिफारिश गर्ने ।
२. प्रचलित ऐन,कानून प्रतिकुल नहुने गरी शहरी सडकहरुको भाडा दर निर्धारण गरी नगर कार्यपालिकामा पेश गर्ने ।
३. प्रचलित ऐन कानून बमोजिमका मापदण्ड पुरा गरी आएका सवारी धनीलाई सवारी चाप, यात्रीको चाप मुल्यांकन गरी रुट ईजाजत दिन सिफारिश गर्ने ।
४. रुट इजाजत परिर्वतन गर्न चाहने सवारी धनीलाई कानून बमोजिम मुल्यांकन गरी प्रतिवेदन दिने ।
५. पटक पटक कार्यविधि उल्लंघन गर्ने सवारी साधनको रुट ईजाजत खारेज गर्न सिफारिस गर्ने ।
६. नगर कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) इजाजत समितिवाट सिफारिस भै नगर कार्यपालिकावाट स्वीकृत भाडादर सवारी साधनमा सवैले देख्ने गरी टाँस्नुपर्नेछ । सवारी साधनले निर्धारित भाडादरभन्दा बढी भाडा लिन पाउने छैन । नगर कार्यपालिकाले यसरी

निर्धारित भाडादर भन्दा बढी भाडा असुल गर्ने टेम्पो, अटोरिक्सा वा ई-रिक्साको अनुमतीपत्र खारेज गर्न सक्नेछ ।

९) **<u>संख्या निर्धारण :</u>** (१) नगरक्षेत्रभित्र सञ्चालन हुने टेम्पो, अटोरिक्सा, ईरिक्साको संख्या नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
(२) नगर कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र रुट इजाजत तथा भाडादर निर्धारण समितिको सिफारिश समेतका आधारमा गर्नुपर्नेछ ।
(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको संख्यालाई आवश्यकताका आधारमा नगर कार्यपालिकाले थपघट गर्न सक्नेछ ।

१०) **<u>सवारी धनीले पालना गर्नुपर्ने कुराहरु :</u>** यस कार्यविधिमा उल्लेख भएका कुराहरु सोही बमोजिम र सो बाहेक सवारीधनीहरुले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ ।

१. सवारीधनी र सवारी चालकको ठेगाना र फोन नं सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नुपर्नेछ ।
२. प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनुपर्दछ ।
३. निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइनेछैन ।
४. दर्ता नभएका र नवीकरण नभएका सवारी साधनहरु सञ्चालन गर्न पाइने छैन ।
५. सवारीधनीले सवारी चालकलाई नियुक्तिपत्र वा फोटो सहितको परिचयपत्र उपलब्ध गराउनुपर्नेछ र सवारी चालकले अनिवार्य परिचयपत्र लगाउनुपर्नेछ ।
६. मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी सञ्चालन गर्न पाइने छैन ।
७. नगरपालिकाबाट निर्धारित भाडादर सवारी साधनमा सबैले देख्ने ठाउँमा टाँस गर्नुपर्नेछ ।
८. यात्रुहरुसँग तोकिएको भाडादर मात्र लिनु पर्नेछ । भाडा दर यात्रुले देख्ने गरी सवारी साधनमा टाँस गर्नुपर्नेछ ।

# परिच्छेद ४
## विविध एवं सजाय सम्बन्धी व्यवस्था

**११)** **<u>बिमा गर्नुपर्ने :</u>** (१) सवारीधनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ ।

**१२)** **<u>इजाजतपत्र खारेजी :</u>** (१) सवारीधनी तथा सवारी चालकले यस कार्यविधि विपरित कुनै कार्य गरेको, सवारी चालकले पालना गर्नुपर्ने आचरण पालना नगरेको, निर्धारित भाडादर भन्दा बढी भाडा असुल गरेको तथा प्रचलित अन्य यातायात व्यवस्था सम्वन्धी कानुन उल्लंघन गरेको भनी निजको इजाजतपत्र खारेजी गर्न समितिको सिफारिस भै आएमा नगर कार्यपालिकाको निर्णय बमोजिम त्यस्ता सवारी साधानको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गरी सो को अभिलेख राख्नेछ ।
तर यसरी खारेजी गर्नु अघि सम्वन्धित सवारी धनीलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

**१३)** **<u>दण्ड जरिवाना सम्बन्धी व्यवस्था :</u>** (१) यस कार्यविधि बिपरीत दर्ता अनुमती लिनुपर्नेमा सो नगरी सवारी सञ्चालन गरेको वा रुट अनुमती बिना सवारी चलाएको पाइएमा त्यस्ता सवारीधनीलाई रु ५ हजार जरिवाना गरी नियमानुसार अनुमती लिन निर्देशन दिन सकिनेछ । यसरी निर्देशन दिँदा समेत सो को पालना नगरी सवारी चलाएको पाइएमा त्यस्ता सवारी जफत गरी नियमानुसार लिलाम बिक्री गरिनेछ ।
(१) यस कार्यविधि बमोजिम कुनै सवारी चालकले सवारी चालक अनुमतीपत्र प्राप्त नगरी सवारी चलाएको, तोकिएभन्दा बढी भाडा असुल गरेको वा दफा (१०) बमोजिम आचरण पालना गरेको नपाईएमा निजलाई पहिलो पटकको लागि रु ५०० जरिवाना, दोश्रो पटक रु ७५० र पुन: तेश्रो पटक समेत सोही कसुर गरेमा रु १००० जरिवाना गरिनेछ । तिनपटकभन्दा बढी सोही कसुर गरेको पाइएमा निजको दर्ता अनुमती र रुट इजाजत खारेज गरिनेछ ।

**१४)** **<u>व्याख्या तथा संशोधन :</u>** यस कार्यविधिको कुनै दफाको व्याख्या वा कुनै विषय संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूची १**
**नियम ३ को उपनियम (१) सँग सम्बन्धित**
**सवारी दर्ता गर्न दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेनी नगर कार्यपालिकाको कार्यालय,
बेनी, म्याग्दी ।

मेरो हाम्रो नाममा खरिद भएको प्राप्त भएको झिकाएको निम्न विवण भएको सवारी शुरु दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसैसाथ राखी पेश गरेको छु/छौ । उक्त सवारी जाँच गरी मेरो र हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौ ।

१. सवारी झिकाउने (व्यक्ति, फर्म कम्पनी वा संसाथा) को नामथर :
२. ठेगाना :
३. पिता वा पतिको नामथर (व्यक्ति भएमा) :
४. साबिकमा यातायातमा दर्ता भएको भए दर्ता नं/प्रमाणपत्र:
५. सवारीको किसिम :
६. सवारी बनाउने कम्पनीको नाम :
७. सवारीको मोडल नं (निर्माण भएको साल) :
८. सिलिण्डर संख्या :
९. हर्ष पावर सि.सि. :
१०. सवारीको इन्जिन नं :
११. सवारीको चेसिस नं :
१२. सवारीको रङ :
१३. प्रयोग गर्ने इन्धनको किसिम :
१४. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण :
१५. सवारीको वजन क्षमता :
१६. भन्सार तिरेको निस्सा : क. भन्सार कार्यालयको नाम:
ख. प्रज्ञापनपत्र नं :
ग. रसिद नं :
घ. मिति :

१७. अन्य प्रमाणको विवरण :

दरखास्तवालाको नाम :
सही :
नामथर :
ठेगाना :
मिति :

**कार्यालय प्रयोजनका लागि**

सवारी निरीक्षणको व्यहोरा :

प्रदान गरिएको दर्ता नं :

सवारी रुट इजाजतपत्रको विवरण :

दर्ता मिति :

माथी उल्लेखित विवरणहरुका साथै बेनी नगर कार्यपालिकाको मिति २०७..../...../...... गतेको निर्णय अनुसार सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्दछु ।

| **पेश गर्ने** | **रुजु गर्ने** | **सदर गर्ने** |
|---|---|---|
| प्रशासन शाखा<br>सहायक पाँचौं | प्रशासन शाखा<br>प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

**अनुसूची २**
**नियम ३ को उपनियम (३) सँग सम्बन्धित**
**दर्ता प्रमाणपत्र नवीकरण गराउन दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
बेनी नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी ।

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको सवारीको दर्ता प्रमाणपत्रको नवीकरणका लागि लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसैसाथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं ।

सवारी दर्ता नं :
सवारीको किसिम :
सवारी धनीको नामथर :
सवारी नवीकरण म्याद समाप्त भएको मिति :
सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्ने अवधि
सवारी साधन आयकर बुझाएको निस्सा

(क) सवारी आयकर बुझाएको कार्यालय
(ख) सवारी आयकर बुझाएको अवधि
(ग) रसिद वा भौचर नं
(घ) मिति

भाडाका सवारीको लागि बाटो इजाजतपत्र

(क) बाटो इजाजतपत्र दिने कार्यालय
(ख) बाटो इजाजतपत्र पाएको क्षेत्र
(ग) बाटो इजाजतपत्र पाएको अवधि
(घ) बाटो इजाजतपत्र लिएको मित

दरखास्तवालाको नामथर :
सही :
ठेगाना :
मिति :

**कार्यालय प्रयोजनका लागि**

नवीकरण गरेको मिति :

नवीकरण गरेको अवधि :

| **पेश गर्ने** | **रुजु गर्ने** | **सदर गर्ने** |
|---|---|---|
| प्रशासन शाखा<br>सहायक पाँचौं | प्रशासन शाखा<br>प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

## अनुसूची ३
## सवारी रुट अनुमतीका लागि दिइने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
बेनी नगर कार्यपालिकाको कार्यालय,
बेनी, म्याग्दी ।

विषय : **सवारी रुट अनुमती पाउँ ।**

महोदय,
मेरो/हाम्रो नाममा रहेको र यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको देहाय बमोजिमको विवरण भएको टेम्पो, अटोरिक्शा, इरिक्शा निम्न रुटमा सञ्चालन गर्न अनुमती पाउँन दरखास्त बापत रु १०० (एक सय रुपैयाँ मात्र) को रसिद संलग्न राखी निवेदन गरेको छु/छौं ।

**क) सवारी साधनको विवरण**

१. सवारीको किसिम :

२. सवारी दर्ता नं र कार्यालय :

३. सवारीको इन्जिन नं :

४. सवारीको चेसिस नं :

५. सवारीको मोडल र बनेको साल :

६. यात्रु सिट संख्या :

**ख) सवारी धनीको विवरण :**

१. नामथर :

२. ठेगाना :

३. संस्था भए सोको दर्ता विवरण

**ग) सञ्चालन माग गरेको रुट :**

**घ) संलग्न कागजात:**

१. सवारीदर्ता प्रमाणपत्र
२. सवारीधनीको नागरिकताको प्रमाणपत्र
३. विदेशी भएमा अनुमतीपत्र
४. संस्था भएमा संस्था दर्ता प्रमाणपत्र

प्रचलित ऐन कानूनमा व्यवस्था भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यवसाय सञ्चालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति :

दस्तखत :
आवेदकको नाम :
ठेगाना :

# अनुसूची ४
## इजाजतपत्रको ढाँचा

आर्थिक वर्ष : मिति :

इजाजतपत्र नं :

श्री............................................

............................................ ।

तपाईको नाममा दर्ता श्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई आ.व. २०...../...... को लागि देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजतपत्र दिइएको छ । प्रचलित कानूनको अधिनमा रही सवारी सञ्चालन गर्नुहुन अनुरोध छ ।

**क) <u>सवारी साधनको विवरण</u>**

१. सवारीको किसिम :

२. सवारी दर्ता नं र कार्यालय :

३. सवारीको इन्जिन नं :

४. सवारीको चेसिस नं :

५. सवारीको मोडल र बनेको साल :

६. यात्रु सिट संख्या :

**ख) <u>सवारी धनीको विवरण :</u>**

१. नामथर :

२. ठेगाना :

३. संस्था भए सोको दर्ता विवरण

**ग) <u>सञ्चालन अनुमती दिइएको रुट :</u>**

**घ) <u>सञ्चालन गर्न अनुमती दिइएको अवधि :</u>**

**<u>रुट इजाजतपत्र प्रदान गर्ने पदाधिकारीको</u>**

दस्तखत :

नामथर :

पद :

मिति :

# नवीकरण विवरण

| मिति | रसिद नं | नवीकरण अवधि | नवीकरण गर्ने पदाधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |